नेपाल सरकार
# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:-
च.नं.

## विज्ञप्ति

मिति २०८१ श्रावण २३ गते (7th August 2024) का दिन एयर डाइनेष्टि हेली सर्भिसेजको 9N-AJD कलसाइन रहेको ५ जना सवार (१ जना नेपाली चालक र ४ जना चिनियाँ नागरिक सहित) हेलिकप्टर नुवाकोट जिल्ला शिवपुरी गाउँपालिकाको सूर्यचौरमा दुर्घटनाग्रस्त भई सबै जनाको मृत्यु भएको हुँदा सम्पूर्ण मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा मन्त्रालय गहिरो समवेदना व्यक्त गर्दछ।

उक्त हेलिकप्टर दुर्घटनाको सत्यतथ्य जाँचबुझ गरी प्रतिवेदन पेश गर्न नेपाल सरकार मन्त्रिपरिषद्ले आजै देहाय बमोजिम तीन सदस्यीय दुर्घटना जाँचबुझ आयोग गठन गरेको व्यहोरा सम्वन्धित सबैमा अनुरोध छ ।

### दुर्घटना जाँच आयोग

१. श्री सुवाष थापा, बरिष्ठ क्याप्टेन, नेपाली सेना - संयोजक
२. श्री विष्णु बस्न्यात, मेन्टिनेन्ट्स मेनेजर, सिम्रिक एयर - सदस्य
३. श्री तनुजा पोखरेल, सि.डि.इ. एरोनटिकल, संस्कृति, प. तथा ना. उ. मन्त्रालय - सदस्य सचिव

हेमराज तामाङ
हेमराज तामाङ
सहसचिव एवं प्रवक्ता

विक्रम संवत्: २०८१ साल श्रावण २३ गते
नेपाल संवत्: ११४४ गुँलाथ्व ३ बुधबार